# कोषको ठमेलस्थित भवनका पसल एकाइहरू भाडामा दिने सम्बन्धी
# पुन: सिलबन्दी बोलपत्र आह्वान

(**सूचना प्रकाशित मिति २०८१/१२/३१**)

१. कोषको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ ठमेलस्थित अफिस कम सपिË कम्प्लेक्स भवनमा रहेका देहायका पसल एकाइहरु भाडामा लिन इच्छुक व्यक्ति/संस्थाबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ :-

| सि. नं. | पसल एकाइ नं | क्षेत्रफल (व.मि.) | प्रति वर्गमिटर मासिक भाडादर (रु.) | न्यूनतम मासिक भाडा रकम (रु.) | बोलपत्र जमानत रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | २३१ | ३२ | २,२५० | ७२,०००/- | ७२,०००/- |
| २ | २४३ | १६ | २,२५० | ३६,०००/- | ३६,०००/- |

२. इच्छुक व्यक्ति/संस्थाले कर्मचारी सञ्चय कोषको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडमा रहेको खाता नं.००४०१०१०२५४३७३ वा हिमालयन बैंक लिमिटेडमा रहेको खाता नं. ०१९०००२२९८००३८ मा फिर्ता नहुने गरी रू. १,०००/- (अक्षरेपि एक हजार रुपैयाँ मात्र) बुझाएको सक्कल प्रति भौचर र लिखित निवेदन पेस गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात् मिति २०८२/०१/१४ गते कार्यालय समयभित्र कर्मचारी सञ्चय कोष, सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक तथा सम्पत्ति ब्यवस्थापन एकाइ, ठमेलबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्रदाताले कोषबाट खरिद गरेको बोलपत्र कागजात (सक्कल) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले **१६ औं दिन** अर्थात् मिति **२०८२/०१/१५ गते दिउँसो १२:१५ बजे भित्र कर्मचारी सञ्चय कोष, पुल्चोकमा बुझाई सक्नु पर्नेछ**। तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले **१६ औं दिन** अर्थात् मिति **२०८२/०१/१५** गते **दिनको १:०० बजे** बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा खोलिनेछ। बोलपत्रदाताहरुका प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्ने कार्यमा बाधा पुग्ने छैन।

५. बोलपत्र जमानत रकमको विवरण बोलपत्र आवेदन फाराममा उल्लेख गरिएको छ। सो अनुसारको जमानत रकम बुँदा नं. ३ मा उल्लिखित बैंक खातामा सम्बन्धित बोलपत्रदाताको नै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै वाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद कायम रहेको शर्त रहितको सम्बन्धित बोलपत्रदाताको नै नाममा रहेको बैंक ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनु पर्नेछ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७. एकजना बोलपत्रदाताले कुनै एक पसल एकाइ वा सो भन्दा बढी २ (दुई) वटा नै पसल एकाइको लागि आफ्नो इच्छा अनुसार बोलपत्र पेस गर्न सक्नेछ। यसका लागि अलग अलग बोलपत्र खरिद गर्न आवश्यक पर्ने छैन।

८. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त पसलको स्थलगत अवलोकन गर्न चाहेमा सम्पत्ति व्यवस्थापन एकाइ, ठमेलमा सम्पर्क गरी कार्यालय समयमा अवलोकन गर्न सकिनेछ।

९. बोलपत्रदाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने/आंशिक मात्र स्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ।

१०. बोलपत्रको खाम बाहिर "**कोषको ठमेलस्थित भवनको पसल एकाइ नं. २३१ र २४३ भाडामा लिने सम्बन्धी बोलपत्र**" भनी प्रष्ट लेखी बोलपत्र जमानत साथै आवश्यक कागजातहरु समेत संलग्न गरी सिलबन्दी गरी **आधारभूत र वित्तीय प्रस्ताव छुट्टाछुट्टै** भरी रीतपूर्वक कोषमा बुझाउनु पर्नेछ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न रहेको अनुसूची ७ बमोजिमको कागजातमा उल्लेख रहेको छ। थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभाग वा सम्पत्ति व्यवस्थापन एकाइ ठमेलमा सम्पर्क गर्न सकिनेछ।

**कर्मचारी सञ्चय कोष**

**सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर।**

फोन नं.: ०१-५०१०००९ (पुल्चोक) र ०१- ५३५९६०८ (ठमेल)

इमेल : assetmanagement@epf.org.np

वेबसाईट : www.epf.org.np